# शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक संस्था र अन्य सहायता सम्वन्धि कार्यविधि, २०७६

**प्रस्तावना :** अर्जुनचौपारी गाँउपालिकाको आ.व. २०७६।७७ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अर्जुनचौपारी गाउँपालिकाले शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक संघसंस्थाहरुलाई संरक्षण तथा सम्वर्द्धन गरी सहयोग पुऱ्याउन साथै उनीहरुलाई सामाजिक कल्याण र हितको लागि मार्ग निर्देशन गर्ने उद्देश्यले अर्जुनचौपारी गाउँकार्यपालिकाले यो कार्यविधि लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक संस्था र अन्य सहायता सम्वन्धि कार्यविधि २०७६" रहनेछ ।
(२) यो कार्यविधि गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

२ . **परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा :

(क) "अध्यक्ष" : अध्यक्ष भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यालय" : कार्यालय भन्नाले अर्जुनचौपारी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "सहायता" : सहायता भन्नाले शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक संघसंस्थालाई सहायता स्वरुप उपलव्ध गराउने नगद वा जिन्सीलाई जनाउँछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" : प्रमुख प्रशासकीय अधिकृत भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

(ङ) "वडा कार्यालय" : वडा कार्यालय भन्नाले अर्जुनचौपारी गाउँपालिकाको सबै वडाहरुलाई जनाउँछ ।

(च) "शैक्षिक संस्था" : भन्नाले अर्जुनचौपारी गाउँपालिका भित्रका सामुदायिक तथा निजी (संस्थागत) विद्यालयलाई जनाउँछ ।

(छ) "गैर सहकारी संस्था" : भन्नाले आधिकारीक निकायमा दर्ता तथा नवीकरण भई कृयाशिल युवा क्लब, महिला समुह, आमा समुह, टोल विकास संस्था, कृषक समुह, विधार्थी संघसंगठन, फरक क्षमता भएका व्यक्तिहरुको संघसंस्था, सम्पर्क समिति तथा मन्च, साहित्यिक पेशागत संगठनलाई जनाउँछ ।

(ज) "धार्मिक तथा सांस्कृतिक संस्था" : भन्नाले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, धार्मिक मठमन्दिर, गुम्बा, मस्जिद आदि लाई जनाउँछ ।

३. **सहायता उपलव्ध गराउनको उद्देश्य :**

(१) शैक्षिक संस्थाको शैक्षिक गुणस्तर सुधार गर्न हौसला प्रदान गर्ने ।

(२) समाजमा स्वतःस्फूर्त रुपमा साझा उद्देश्य राखी गठन भएका समुह तथा संघसंस्थाको कर्मलाई प्रवर्द्धन गर्ने ।

(३) परम्परागत रुपले चलि आएका मेला, पर्व, चाडपर्व, संस्कृति, परम्पराको जर्गेना गर्ने ।

(४) आर्थिक रुपले विपन्न, अशक्त तथा असहाय वर्ग र सामुदायलाई सामाजिक रुपले सशक्तिकरण र सवलीकरण गर्ने ।

४. **सहायता रकम प्रदान गरिने क्षेत्रहरु :** (१) शैक्षिक संस्थालाई प्रदान गरिने सहायता अन्तर्गत देहाय बमोजिमका विषयहरु हुनेछन् :

(क) सामुदायिक तथा संस्थागत विद्‌यालयमा अतिरिक्त कृयाकलाप सञ्चालन गर्न,

(ख) सामुदायिक तथा संस्थागत विद्‌यालयमा विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गराउने खालका कृयाकलाप सञ्चालन गर्न,

(ग) सामुदायिक तथा संस्थागत विद्‌यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गर्न,

(घ) बालमैत्री शिक्षण सिकाईलाई प्रभावकारी बनाउन,

(ङ) शिक्षण सिकाईलाई प्रविधिमैत्री बनाउन,

(२) दफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्न विद्‌यालयको कार्यक्रम प्रस्तावना हेरी कार्यालयले बढीमा एक लाख रुपैया सम्म उपलब्ध गराउन सक्नेछ ।

(३) दफा (२) मा जुनसुकै कुरा लेखिएतापनि गाँउपालिकाले सामुदायिक विद्यालयलाई मात्र प्राथमिकता दिनेछ।

५. **गैरसरकारी संघसंस्थालाई सहायता प्रदान गरिने विषयहरु देहाय बमोजिम हुनेछन :**

(क) विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रदर्शनी सञ्चालन गर्न,

(ख) समाजमा स्वच्छ प्रतिस्पर्धा हुने खालका प्रतियोगिताहरु सञ्चालन गर्न,

(ग) समाजमा जनचेतनामूलक र स्वास्थ्य सम्वन्धि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न,

(घ) वातावरणीय स्वच्छता र पर्यावरण सँग सम्वन्धी कार्यक्रम गर्न,

(ङ) माथी उल्लेखित (क) देखि (घ) सम्मको दफामा गैरसरकारी संस्थाको कार्यक्रम प्रस्तावना हेरी कार्यालयले वढीमा पचास हजार रुपैया सम्म सहायता रकम प्रदान गर्न सक्नेछ ।

६. **धार्मिक तथा सांस्कृतिक संघसंस्थाहरुलाई प्रदान गरिने सहायता अर्न्तगतका विषयहरु देहाय बमोजि हुनेछन् :**

(क) सामाजिक सामाञ्जस्यता र धार्मिक सहिष्णुतालाई प्रबर्द्धन गर्ने खालका कार्यक्रम सञ्चालन गर्न ।

(ख) धार्मिक परम्परा र संस्कारलाई संरक्षण तथा जर्गेना गर्ने खालका कार्यक्रम सञ्चालन गर्न ।

(ग) धार्मिक तथा सांस्कृतिक सम्पदा, स्मारक तथा कलाकौशलहरुको मर्मत सम्भार तथा संरक्षण गर्न ।

(घ) पुरातात्विक, ऐतिहासिक तथा पयावरणीय रुपले महत्वपूर्ण भएका स्थान विशेषको संरक्षण तथा सम्वर्द्धन गर्न ।

(ङ) धार्मिक पर्यटन तथा सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्न ।

(च) माथी उल्लेखित दफाहरु मध्ये दफा (ग) र (घ) बाहेक अन्यको हकमा कार्यालयले बढीमा पचास हजार रुपैया सम्म सहायता रकम उपलव्ध गराउन सक्नेछ । मर्मत सम्भार तथा पुनःनिर्माणको हकमा कार्यालयले औचित्यका आधारमा सहायता रकम दिन सक्नेछ ।

७. **अन्य सहायता :** (१) शैक्षिक संस्था, गैरसरकारी संघसंस्था र धार्मिक तथा सांस्कृतिक संघसंस्थाहरु बाहेकका व्यक्ति वर्ग, समुदाय र क्षेत्रहरुलाई गाउँपालिकाले सामाजिक सुरक्षा प्रदान गर्न सक्नेछ ।
(२) एकल महिला, जेष्ठ नागरिक, अशक्त व्यक्ति, फरक क्षमता भएका व्यक्ति, विपन्न, आर्थिक तथा सामाजिक रुपले पिछडिएको वर्ग र समुदायको उत्थान गर्न गाउँपालिकाले औचित्यता र आवश्यकता अनुसार आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

८. **सहायतामा दोहोरोपना हुन नहुने :** वडा कार्यालय र गाउँपालिकाले एउटै व्यक्ति वा संघसंस्थालाई एउटै कार्यक्रममा सहायता दिदाँ समन्वय गरी सहायता प्रदान गर्नुपर्नेछ ।

९. **सहायता माग गर्ने प्रक्रिया :** (१) शैक्षिक संस्थाहरुले आर्थिक सहायता माग गर्दा स्पष्ट विषय खुल्ने कार्यक्रम प्रस्तावना, विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि र सम्वन्धित वडा कार्यालयको दोहोरोपना नहुने सिफारिस पेश गर्नु पर्नेछ ।

(२) गैर सरकारी संघ संस्थाले आर्थिक सहायता माग गर्दा सम्वन्धित गैर सरकारी संघसंस्था आधिकारीक निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, गैरसरकारी संघसंस्थाको कार्य समितिको बैठकको निर्णयको प्रतिलिपि सहित स्पष्ट विषय खुल्ने कार्यक्रम प्रस्तावना र सम्वन्धित वडा कार्यालयको दोहोरोपना नहुने सिफारिस पेश गर्नु पर्नेछ ।

(३) धार्मिक तथा सांस्कृति संघसंस्थाले आर्थिक सहायता माग गर्दा आवेदक संघसंस्था आधिकारीक निकायमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, कार्य समितिको बैठक निर्णयको प्रतिलिपि सहित स्पष्ट विषय खुल्ने कार्यक्रम प्रस्ताव र सम्वन्धित वडा कार्यालयको दोहोरोपना नहुने सिफारिस पेश गर्नुपर्नेछ ।

१०. **आर्थिक सहायता सम्वन्धि निर्णय** : कार्यालयमा कार्यक्रम प्रस्ताव पेश भए पश्चात अध्यक्षले प्रस्ताव उपर अध्ययन गरी तोकिएको मापदण्ड र सीमा भित्र रही सहायता रकम प्रदान गर्न कार्यालयलाई आवश्यक निर्देशन गर्नेछ ।

११. कार्यालयले आवश्यक अन्य प्रमाणहरु संलग्न भए नभएको एकिन गरी सहायता रकम बैंक खाता मार्फत सम्बन्धित व्यक्ति वा संघसंस्थालाई उपलब्ध गराउनेछ ।

१२. वडा कार्यालयले भैपरी आउने चालु शिर्षकबाट सहायता प्रदान गर्न आवश्यक ठहरेमा गाउँपालिकासँग समन्वय गरी रकम बाँडफाँडको लागि सिफारिस गरी पठाउनुपर्नेछ । उक्त सिफारिस उपर कार्यालयले तोकिएको मापदण्ड र सिमाभित्र रही सहायता रकम उपलब्ध गराउनेछ ।

१३. गाउँपालिका र वडा कार्यालयले सहायता रकमको सदुपयोग भए नभएको एकिन गर्न सम्वन्धित व्यक्ति वा संघसंस्थामा अनुगमन गर्नेछ ।

१४. कार्यालयले सहायता सम्वन्धि विवरण चौमासिक रुपमा कार्यपालिकामा पेश गर्नुपर्नेछ ।